राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३०४ २०८३ जेठ १६ गते शनिवार (30 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# २१ खर्ब २४ अर्बको बजेट सार्वजनिक, पूर्वाधार र सामाजिक क्षेत्रलाई प्राथमिकता

दैनिक समाचारदाता

काठमाडौँ, १५ जेठ । सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपियाँको बजेट सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार वृद्धि गर्दै सरकारले पूर्वाधार विकास, सामाजिक सुरक्षा, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण तथा आर्थिक सुधारलाई प्राथमिकतामा राखेको जनाएको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट वक्तव्य प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले कुल बजेटमध्ये चालु खर्चतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड रुपियाँ, पुँजीगत खर्चतर्फ चार खर्ब ३१ अर्ब १० करोड रुपियाँ तथा वित्तीय व्यवस्थापनतर्फ चार खर्ब २२ अर्ब रुपियाँ विनियोजन गरिएको जानकारी दिनुभयो ।

सरकारले आगामी आर्थिक वर्षको बजेटलाई आर्थिक सुधार, उत्पादन वृद्धि, निजी क्षेत्रको प्रोत्साहन, रोजगारी सिर्जना तथा समावेशी विकासतर्फ केन्द्रित गरेको जनाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपियाँको बजेट ल्याएको थियो । यस वर्ष बजेटको आकार झण्डै डेढ खर्ब रुपियाँले बढाइएको हो ।

बजेटको संरचनाअनुसार कुल विनियोजनको सबैभन्दा ठूलो हिस्सा चालु खर्चतर्फ छुट्याइएको छ । चालु खर्चका लागि विनियोजित १२ खर्ब ७० अर्ब ५८ करोड रुपियाँ कुल बजेटको ५९.८ प्रतिशत हो । यस शीर्षकअन्तर्गत कर्मचारी तलबभत्ता, सामाजिक सुरक्षा, प्रशासनिक खर्च, स्वास्थ्य, शिक्षा तथा नियमित सरकारी कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

त्यस्तै, विकास निर्माण तथा पूर्वाधार विस्तारलाई लक्षित गर्दै पुँजीगत खर्चतर्फ चार खर्ब ३१ अर्ब १० करोड रुपियाँ अर्थात् कुल बजेटको २०.३ प्रतिशत विनियोजन गरिएको छ । सडक, ऊर्जा, सिँचाइ, खानेपानी, शिक्षा तथा स्वास्थ्य पूर्वाधार निर्माणमा यो रकम खर्च गरिने सरकारको भनाइ छ ।

वित्तीय व्यवस्थापनतर्फ चार खर्ब २२ अर्ब रुपियाँ अर्थात् १९.९ प्रतिशत बजेट छुट्याइएको छ । यो रकम सार्वजनिक ऋण भुक्तानी, लगानी व्यवस्थापन तथा वित्तीय दायित्व वहनमा उपयोग गरिनेछ ।

अर्थमन्त्री वाग्लेले बजेटले आर्थिक गतिविधिलाई चलायमान बनाउने, निजी क्षेत्रको मनोबल बढाउने तथा लगानीमैत्री वातावरण निर्माण गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै, कृषि, पर्यटन, सूचना प्रविधि, ऊर्जा र उद्योग क्षेत्रलाई उत्पादन तथा रोजगारीको मुख्य आधारका रूपमा अघि बढाइने उल्लेख गर्नुभयो ।

सरकारले आगामी आर्थिक वर्षमा राजस्व परिचालन वृद्धि, सार्वजनिक खर्चको प्रभावकारिता, सुशासन र डिजिटल प्रणाली विस्तारलाई पनि प्राथमिकतामा राखेको जनाएको छ । बजेटमार्फत युवालाई उद्यमशीलतासँग जोड्ने, वैदेशिक रोजगारीको विकल्प सिर्जना गर्ने तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने नीति लिइएको छ ।

### बजेट विनियोजनको विवरण

| बजेट शीर्षक | विनियोजित रकम | प्रतिशत |
|---|---|---|
| चालु खर्च | १२ खर्ब ७० अर्ब ५८ करोड रुपियाँ | ५९.८% |
| पुँजीगत खर्च | ४ खर्ब ३१ अर्ब १० करोड रुपियाँ | २०.३% |
| वित्तीय व्यवस्थापन | ४ खर्ब २२ अर्ब रुपियाँ | १९.९% |
| कुल बजेट | २१ खर्ब २४ अर्ब ३४ करोड रुपियाँ | १००% |



# दलित-मुस्लिम समुदायका लागि सहुलियत ऋण र आवास योजना ल्याइँदै : मन्त्री दास

दैनिक समाचारदाता

जनकपुरधाम, १५ जेठ । मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास तत्माले अति विपन्न दलित तथा मुस्लिम समुदायका लागि आवास, स्वास्थ्य, खानेपानी र शौचालय निर्माणसम्बन्धी विशेष योजना अघि सारिएको बताएका छन् ।

राष्ट्रिय तत्मा समाज नेपाल द्वारा आयोजित सम्मान कार्यक्रममा बोल्दै मन्त्री दासले मधेश प्रदेशका १० हजारभन्दा बढी दलित तथा मुस्लिम परिवारलाई लक्षित गरी आवास तथा आधारभूत पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिने जानकारी दिएका छन् ।

उनले युवा शक्तिलाई वैदेशिक रोजगारीतर्फ पलायन हुनबाट रोक्न सीपमूलक तालिम, व्यवसायिक दक्षता तथा सहुलियतपूर्ण 'स्टार्टअप लोन' उपलब्ध गराउने तयारीसमेत भइरहेको बताए । विशेषगरी महिला, दलित, पिछडिएका तथा आर्थिक रूपमा कमजोर समुदायलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम ल्याइने उनको भनाइ थियो ।

कार्यक्रममा मन्त्री दासले दलित, मुस्लिम तथा अति विपन्न परिवारका लागि पक्की आवास निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा तथा खेलकुद क्षेत्रमा आकर्षक योजना समेटिएको उल्लेख गरे । उनले आवश्यक सरकारी प्रक्रिया पूरा गरी आगामी बजेट भाषणपछि कार्यान्वयन प्रक्रिया तत्काल सुरु गरिने स्पष्ट पारे ।

"कार्यविधि निर्माण, आवेदन फाराम खुलाउने र आवश्यक प्रक्रिया पूरा भएपछि योजनाहरू कार्यान्वयनमा लैजान्छौं । आवश्यक बजेट 'रेडबुक'मा समावेश गरिसकिएको छ," मन्त्री दासले भने ।




राष्ट्रिय तत्मा समाज नेपालका केन्द्रीय अध्यक्ष रामअशिष दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा दलित समुदायका अगुवा व्यक्तित्वहरूले प्रदेशमा दलित समुदाय अझै पनि राज्यका विभिन्न निकायबाट वञ्चित रहेको गुनासो गरेका थिए ।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेश प्रदेशमा करिब १८ प्रतिशत जनसंख्या रहेको दलित समुदायलाई संवैधानिक निकाय तथा राज्यका हरेक तहमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सरकारसँग माग गरेका थिए ।


सम्मान कार्यक्रममा राजकुमार दास, शंकर दास, कैलास दास, राजदेव दास, रामेश्वर दास, रामपृत दास, पन्नालाल दास, पञ्चलाल दास, रघुनाथ दास, गंगाराम दास, सिकेन्द्र दासलगायतले शुभकामना मन्तव्य दिएका छन् ।

## बिल-बिजकको प्रयोग अनिवार्य गरौं ।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल / रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र सुव्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितताको अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक बनेर इमानदारीपूर्वक कारोबार गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता


"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

# ड्रेकले तोडे माइकल ज्याक्सनको कीर्तिमान



लस एन्जलस । गायक ड्रेकले 'बिलबोर्ड हट १००' मा एकल पुरुष कलाकारतर्फ सबैभन्दा धेरै नम्बर १ गीत दिने कीर्तिमान बनाएका छन् । यसअघि यो रेकर्ड 'पपका राजा' माइकल ज्याक्सनको नाममा थियो । ड्रेकको गीत 'जेनिस एसटीएफयू' उनका तीन एल्बम सार्वजनिक भएपछि चार्टको शीर्ष स्थानमा पुगेसँगै उनले नयाँ इतिहास रचेका हुन् ।

यो उपलब्धिसँगै ड्रेकले समग्र कलाकारतर्फ सबैभन्दा धेरै नम्बर १ गीत दिने सूचीमा रिहाना र टेलर स्विफ्टसँग बराबरी गरेका छन् । अहिले तीनै जनाको १४ वटा नम्बर १ गीत पुगेको छ । उनीहरूभन्दा अघि केवल मारायाह केरी र द बिटल्स छन् । मारायाहको १९ तथा द बिटल्सको २० वटा नम्बर १ गीत छन् ।

यससँगै ड्रेकले सन् २०२५ मा मोर्गन वालेनले बनाएको एक सातामै सबैभन्दा धेरै गीत चार्टमा प्रवेश गराउने रेकर्ड पनि तोडेका छन् । ड्रेकका एकै सातामा ४२ वटा गीत 'बिलबोर्ड हट १००' मा प्रवेश गरेका छन् ।

यसअघि वालेनका ३७ गीत चार्टमा प्रवेश गरेका थिए । वालेनले त्यसअघि आफ्नै ३६ गीतको रेकर्ड तोडेका थिए । टेलर स्विफ्ट र वालेनले क्रमशः सन् २०२४ र २०२५ मा ३२-३२ गीत चार्टमा प्रवेश गराएर तेस्रो स्थान साझा गरेका थिए । ड्रेकको यसअघि एक सातामा सबैभन्दा धेरै गीत चार्टमा ल्याउने व्यक्तिगत रेकर्ड सन् २०१८ मा २७ गीतको थियो ।

हालको 'टप १०' सूचीमा ड्रेकले ९ स्थान ओगटेका छन् । केवल एला ल्याङ्लीको गीत 'चुजिन टेक्सास' पाँचौं स्थानमा कायम छ । यससँगै ड्रेकको करिअरमा 'टप १०' मा पुग्ने गीतको संख्या ९० पुगेको छ । साथै, उनी 'हट १००' मा ४०० भन्दा धेरै गीत प्रवेश गराउने पहिलो कलाकार बनेका छन् ।

ड्रेक अहिले आफ्ना तीन एल्बम 'आइसम्यान', 'मेड अफ अनर' र 'हबिब्ती' को सफलतामा छन् । यी एल्बम मे १५ मा सार्वजनिक भएका थिए । 'आइसम्यान' एल्बमलाई उनले झन्डै दुई वर्षदेखि विभिन्न लाइभस्ट्रिममार्फत चर्चा गरिरहेका थिए ।

एल्बम सार्वजनिक हुनुभन्दा केही घण्टाअघि गरिएको चौथो लाइभस्ट्रिममा उनले 'मेड अफ अनर' र 'हबिब्ती' नामका थप दुई सरप्राइज एल्बम पनि आउने घोषणा गरेका थिए ।

गत सप्ताहन्तमा 'आइसम्यान', 'हबिब्ती' र 'मेड अफ अनर' क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानमा डेब्यु गर्दै चार्ट इतिहास रचे । 'आइसम्यान' ले ४ लाख ६३ हजार बराबर एल्बम युनिट बिक्री गर्दै ड्रेकलाई करिअरको १५औं नम्बर १ एल्बम दिलायो । यससँगै उनले एकल पुरुष तथा आर एन्ड बी/हिपहप कलाकारतर्फ सबैभन्दा धेरै नम्बर १ एल्बम दिने जे-जीको पुरानो रेकर्ड पनि तोडेका छन् ।

ड्रेकले एकल कलाकारतर्फ सबैभन्दा धेरै नम्बर १ एल्बम दिने सूचीमा टेलर स्विफ्टसँग पनि बराबरी गरेका छन् । यो सूचीमा द बिटल्स १९ वटा नम्बर १ एल्बमसहित शीर्ष स्थानमा छन् ।




# फिल्म हल खोल्न सुरुको १० वर्षमा आयकरमा छूट

काठमाडौं । सरकारले महानगर र उपमहानगरपालिका बाहेकका ठाउँमा चलचित्र हल स्थापना गर्न सुरुको १० वर्षमा आयकर छुट दिने घोषणा गरेको छ । संसद्मा आर्थिक वर्ष २०८३/२०८४ को बजेट पेश गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेले उक्त कुरा बताएका हुन् ।

चलचित्र संघसहितका प्रदर्शक निकायले लामो समयदेखि सरकार समक्ष यस्तो माग गर्दै आएका थिए । अहिले देशभर हलको संख्या १७० छ ।

चलचित्र विकास बोर्डले हलको संख्या २०० भन्दा धेरै पुर्‍याउने तयारी गरिरहँदा बजेटमार्फत यस्तो सम्बोधन गरिएको हो ।

# कान्स रेडकार्पेटमा ऐश्वर्याको सौन्दर्य



कान्स । बलिउड अभिनेत्री ऐश्वर्या रायले पुनः एकपटक आफ्नो आकर्षक पहिरन शैलीले विश्वभरको ध्यान खिचेकी छन् । अमित अग्रवालले डिजाइन गरेको गाढा नीलो पहिरनमा देखिएकी उनी यसपटक भने हल्का चम्किलो शैलीको पोसाकमा देखिएकी हुन् । सोफी कउचरले तयार पारेको विशेष पहिरनमा उनी कान्सको विशेष समारोहमा परी कथाकी पात्रझैं देखिएकी थिइन् ।

भारतीय फिल्मकी चर्चित अभिनेत्री रायले यस वर्षको कान्समा विगतका भएको आलोचनालाई जवाफ दिने काम गरिन् । यसपटक उनी सुसंस्कृति र आकर्षक देखिने प्रयास भएको मिडिया विवरणमा उल्लेख छ ।

कान्स रेडकार्पेटको लागि उनले लगाएको पहिरनको मूल्य ३ लाख ५४ हजार भारतीय रुपैयाँभन्दा बढी रहेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

उनको पहिरनमा काँध खुला रहने कसेको बनावट र तलतिर फैलिएको तहयुक्त घेरदार स्कर्ट थियो, जसले हिँडाइसँगै सुन्दर लय सिर्जना गरिरहेको देखिन्थ्यो । माथिल्लो भागमा त्रिआयामिक फूलका आकृति राखिएका थिए, जसमा हजारौं स्वारोभ्स्की क्रिस्टल जडान गरिएको थियो ।

काँधबाट झुन्डिएको हल्का सिफन कपडाको लामो ओढ्नीले उनको पहिरनलाई अझ आकर्षक बनाएको थियो । हल्का र कोमल रङको पहिरनसँग सन्तुलन मिलाउन उनले आफ्नो परिचित खुला कपाल शैली अपनाएकी थिइन् ।

हल्का श्रृंगार, आँखामा सानो रेखा, गुलाबी गाला र चम्किला ओठसहित उनी सरल तर आकर्षक देखिएकी थिइन् । उनले हिराका झुम्का र औंठी पनि लगाएकी थिइन् । यसपटक ऐश्वर्यासँग उनकी छोरी आराध्यासँग कान्स समारोहमा सहभागी भइन् । यो आराध्याको पहिलो कान्स उपस्थिति हो । आमासँग मिल्दोजुल्दो शैलीमा उनले रातो रेशमी लामो पहिरन लगाएकी थिइन् ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कुन तहका कर्मचारीको तलब कति ?

| कुन तहका कर्मचारीको तलब अब कति ? | | | | | | |
|---|---|---|---|---|---|---|
| तह | आधारभूत( हाल) | बढेको तलब | आधारभूत (नयाँ) | प्रोत्साहन | महंगी भत्ता | कुल पारिश्रमिक |
| मुख्यसचिव | ७७२११ | ७७२१ | ८४९३२ | ८४९३ | ५००० | ९८४२५ |
| सचिव | ७२०८२ | ७२०८ | ७९२९० | ७९२९ | ५००० | ९२२१९ |
| सहसचिव | ५६७८७ | ५६७८ | ६२४६५ | ६२४६ | ५००० | ७३७१२ |
| उपसचिव | ४८७३७ | ४८७३ | ५३६१० | ५३६१ | ५००० | ६३९७१ |
| अधिकृत | ४३६८९ | ४३६८ | ४८०५७ | ४८०५ | ५००० | ५७८६२ |
| नासु | ३४७३० | ३४७३ | ३८२०३ | ३८२० | ५००० | ४७०२३ |
| खरिदार | ३२९०१ | ३२९० | ३६१९१ | ३६१९ | ५००० | ४४८१० |
| सहायक | २७६११ | २७६१ | ३०३७२ | ३०३७ | ५००० | ३८४०९ |

दैनिक समाचारदाता
काठमाडौं, १५ जेठ। सरकारले निजामती र सार्वजनिक सेवामा रहेकाहरूको तलब बढ्ने घोषणा गरेको छ। बजेट वक्तव्यमार्फत अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कर्मचारीहरुको आधारभूत तलब १० प्रतिशतले बढ्ने घोषणा गरेका हुन्।

अर्थमन्त्री वाग्लेले बजेट भाषणमा भने 'पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीहरूको तलब वृद्धि नभएको र मूल्यवृद्धि १७ दशमलव ३ प्रतिशत रहेकाले मर्यादित जीवनयापत्रका लागि पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने महशुस गरेको छु।'

उनका अनुसार, आधारभूत तलब बढेपछि प्रोत्साहन भत्ता पनि बढ्नेछ। उनले वक्तव्यमा भने, 'कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको शुरुवात गर्न नयाँ तलबमानको मासिक १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु।'

उनका अनुसार, अब पनि कर्मचारीहरूले अहिले पाएको पाँच हजार रुपैयाँको महँगी भत्ता निरन्तर पाउनेछन्। उनले ती दुई व्यवस्थाबाट करिब २१ प्रतिशत तलब बढ्ने बताए।

नयाँ व्यवस्थापछि कार्यालय सहायोगी स्तरका कर्मचारीको तलब ४० हजार हुनेछ भने मुख्यसचिवको तलब एक लाख हाराहारीमा हुने अर्थमन्त्री डा. वाग्लेले बताए।

***कसको कति ?***

अहिले ७७ हजार २११ रुपैयाँ आधराभूत तलब पाएका मुख्यसचिवको तलब बढेर ८४ हजार ९३२ रुपैयाँ पुगेको छ। त्यसमा १० प्रतिशत प्रोत्साहन भत्ता र यसअघिको महँगी भत्ता थपिदा कूल मासिक पारिश्रमिक ९८ हजार ४२५ रुपैयाँ पुग्नेछ।

मुख्यसचिवको आधारभूत तलब करिब साढे सात हजार रुपैयाँ बढेको छ भने सचिवको सात हजार रुपैयाँ जति बढेको छ।

सबैभन्दा तल्लो तह मानिने कार्यालय सहायकहरुको तलब २७ हजार ६११ रुपैयाँ रहेकोमा अब बढेर ३० हजार ३७२ रुपैयाँ पुगेको छ। अब उनीहरूले यसअघिकै पाँच हजार रुपैयाँ महँगी भत्ता निरन्तर पाउनेछन् भने करिब ३ हजार प्रोत्साहन भत्ता पाउनेछन्। सबैभन्दा तल्लो तहका कर्मचारीहरूको आधारभूत तलब ३८ हजार ४०९ पुग्नेछ।

पेन्सन पाउने कर्मचारीहरुले आधारभूत तलबमा बसेको दुई तिहाई हिस्सा मात्रै थपेर पाउनेछन्। त्यसरी हेर्दा पूर्वमुख्यसचिवहरुको पेन्सन करिव पाँच हजार रुपैयाँ हाराहारीले बढेको छ भने अवकाश पाएका कार्यालय सहयोगीहरुको तलब उनीहरुको सेवा अवधि र त्यसले तय गर्ने आधारभूत तलब(स्केल) अनुसार बढ्नेछ।

२०७९ सालको बजेट बक्तव्यबाट १५ प्रतिशत तलब बढेयता कर्मचारीहरुको तलब बढेको थिएन। त्यतिबेला तलब बाहेक कर्मचारीहरुले मासिक दुई हजार रुपैंया महंगी भत्ता भने पाइरहेका थिए।

त्यसयताका तीन वर्ष कर्मचारीहरुको तलब बढेको छैन। गतवर्ष भने सरकारले मुख्यसचिवदेखि कार्यालय सहायकसम्मलाई एकमुष्ट मासिक पाँच हजार रुपैंयाका दरले महंगी भत्ता दिएको थियो।

सार्वजनिक सेवामा रहेका अरु कर्मचारीहरुको तलब पनि निजामती कर्मचारीहरुको अनुपातमा नै बढ्छ। नेपाल प्रहरी, शसस्त्र, नेपाली सेनादेखि शिक्षकहरु अनि सार्वजनिक संस्थानका कर्मचारीहरुको तलब निजामतीकै अनुपातमा बढ्ने देखिन्छ। सबै सार्वजनिक पदाधिकारीहरुको आधारभूत तलब र अरु सुविधाहरुको विस्तृत विवरण सरकारले केही दिनमा नै सार्वजनिक गर्ने अभ्यास छ।

***साढे तीन वर्षअघिको सिफारिस***

सरकारले गठन गरेको उच्चस्तरिय तलब सुविधा आयोगले साढे तीन वर्षअघि नै कर्मचारीहरुको न्यूनतम तलब नै ३५ हजार रुपैंया बनाउन सिफारिस गरेको थियो। आयोगले सबैभन्दा कम तलब पाउने कार्यालय सहायकको तलब ३५ हजार बनाउन सिफारिस गरेको थियो, उनीहरुलाई त्यो बाहेक घरभाडा बापत थप १५ सय ७५ देखि ३१ सय ५० रुपैंयाको सिफारिस थियो।

त्यतिबेलाको प्रतिवेदन अनुसार, मुख्यसचिवको तलब एक लाख २२ हजार ५०० रुपैंया हुने गरी व्यवस्थापन गर्न सुझाव थियो। सिफारिसमा तल्लो तहका कर्मचारी र मुख्यसचिवको न्यूनतम र अधिकतम तलबको फरक साढे तीन गुना हुनेगरी व्यवस्थापन भएको थियो।

पूर्वमुख्यसचिव लिलामणि पौड्यालको नेतृत्वमा गठन भएको आयोगले २० फागुन २०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको थियो।

नेपाल राष्ट्र बैंकले 'पारिवारिक बजेट सर्वेक्षण २०७१' गरेको थियो। त्यतिबेला एक परिवारका लागि न्यूनतम जीविकोपार्जन गर्न आवश्यक पर्ने मासिक रकम निकालिएको थियो। त्यसपछिका ९ बर्षमा भएको मूल्यवृद्धि हेर्दा अहिले चार जनाको परिवार(तीन उपभोक्ता इकाई)लाई अहिले २८ हजार ४४९ लाग्छ। काठमाडौं उपत्यकामा सबैभन्दा बढी ३४ हजार ६५१ रुपैंयासम्म लाग्ने तलब आयोगको प्रतिवेदनमा छ।

त्यतिबेला आयोगले अधिकृतका लागि रु.२० लाख र राजपत्र अनंकित तथा श्रेणिवीहिन कर्मचारीका लागि १५ लाखको जीवन वीमा, तथा कर्मचारी कल्याणकारी कोषको खर्च समावेश गर्नुपर्ने सुझाव दिएको थियो। प्रतिवेदनमा तलव भत्ताको ९ प्रतिशतदेखि कम्तिमा ४.५ प्रतिशतसम्म रकम घर भाडा दिनुपर्ने सिफारिस थियो।

# मधेशमा विविध कार्यक्रमसहित गणतन्त्र दिवस मनाइयो




दैनिक समाचारदाता
जनकपुरधाम १५ जेठ। मधेश प्रदेशका धनुषा र महोत्तरी जिल्लामा विविध कार्यक्रम आयोजना गरी १९औं गणतन्त्र दिवस भव्य रूपमा मनाइएको छ। दिवसको अवसरमा प्रभातफेरी, शहीदप्रति श्रद्धाञ्जली, दीप प्रज्वलन, फलफूल वितरण तथा अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएका थिए।

जिल्ला समन्वय समिति धनुषा द्वारा आयोजित कार्यक्रममा सहभागी वक्ताहरूले गणतन्त्रको आवश्यकता, उपलब्धि तथा नागरिक अधिकार संरक्षणमा यसको भूमिकाबारे चर्चा गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेल ले विश्वका धेरै मुलुकमा अझै नागरिकले स्वतन्त्र रूपमा आफ्नो अभिव्यक्ति राख्न नपाउने अवस्था रहेको उल्लेख गर्दै नेपालमा गणतन्त्र स्थापनापछि जनताले वाक स्वतन्त्रता, मौलिक हक तथा प्रेस स्वतन्त्रता प्राप्त गरेको बताए।

उनले संघीय लोकतान्त्रिक गणतन्त्रले जनताकै छोराछोरीलाई देशको सर्वोच्च पदसम्म पुग्ने अवसर सुनिश्चित गरेको उल्लेख गर्दै प्राप्त उपलब्धिको संरक्षणका लागि सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राखे।

वक्ताहरूले गणतन्त्रले नागरिकलाई अधिकारसँगै अवसरसमेत प्रदान गरेको उल्लेख गर्दै लोकतान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्न सबैको सहकार्य आवश्यक रहेको बताएका थिए।

यता जलेश्वर मा पनि प्रभातफेरीसहित विविध कार्यक्रम गरी गणतन्त्र दिवस मनाइएको छ। जिल्ला स्तरीय गणतन्त्र दिवस समारोह समितिको आयोजनामा दुर्गा चौकबाट जिरोमाइलस्थित शहीद पार्कसम्म प्रभातफेरी निकालिएको थियो।

प्रभातफेरीमा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्ण, सुरेश साह सोनार, हरिप्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव लगायत सुरक्षा निकाय, सरकारी कार्यालय, राजनीतिक दल, सञ्चारकर्मी तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

नेपाली सेनाको सांस्कृतिक ब्यान्डसहित निकालिएको प्रभातफेरी नगरका विभिन्न भागको परिक्रमा गर्दै शहीद पार्कमा पुगेर शहीदहरूको प्रतिमामा माल्यार्पण गरेपछि सम्पन्न भएको थियो। कार्यक्रममा मधेश आन्दोलन तथा विभिन्न लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त ज्ञात-अज्ञात शहीदहरूको सम्झनामा एक मिनेट मौनधारणसमेत गरिएको थियो।

कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख कर्णले गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्ने शहीदहरूको योगदानको स्मरण गर्दै लोकतान्त्रिक मूल्य र मान्यतालाई सुदृढ बनाउन सबै एकजुट हुनुपर्ने बताए।

दिवसको अवसरमा जलेश्वर अस्पताल मा उपचाररत बिरामीहरूलाई फलफूल वितरण गरिएको थियो भने साँझ दीप प्रज्वलन कार्यक्रमसमेत आयोजना गरिएको आयोजकले जनाएको छ।

समारोह समितिले जेठ १४ र १५ गते दुईदिने कार्यक्रम तय गर्दै जिल्लाका सरकारी कार्यालय, सार्वजनिक निकाय, शैक्षिक संस्था तथा संघ-संस्थामा राष्ट्रिय झण्डासहित विशेष सजावट गरेको जनाएको छ।

नेपालमा २०६५ साल जेठ १५ गते पहिलो संविधानसभाबाट राजतन्त्रको औपचारिक अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएको थियो। सोही ऐतिहासिक दिनको स्मरणमा हरेक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ।

# इन्दुशङ्करले गर्‍यो उखु किसानको पूर्ण भुक्तानी



दैनिक समाचारदाता
सर्लाही, १५ जेठ। सर्लाहीको हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगले उखु क्रसिङ सिजन २०८२/८३ मा किसानबाट खरिद गरेको उखुको सम्पूर्ण भुक्तानी गरेको छ।

उद्योगले यो वर्ष किसानबाट खरिद गरेको उखुको दुई अर्व दुई करोड १८ लाख ६४ हजार १६९ रुपियाँ भुक्तानी गरेको उद्योगका प्रशासकीय अधिकृत ठाकुरप्रसाद नेपालले जानकारी दिनुभयो। उद्योगले यो वर्ष किसानसँग ३२ लाख ९३ हजार १२३.७९ क्विन्टल उखु खरिद गरेको थियो।

सरकारले निर्धारण गरेको मुल्य अनुसार किसानलाई प्रतिक्विन्टल ६२० रुपियाँका दरले सम्पूर्ण किसानको भुक्तानी गरेर सकिएको उद्योगका प्रशासकीय अधिकृत नेपालले बताउनुभयो। सर्लाहीको दक्षिणवर्ती भेगको महालक्ष्मी चिनी उद्योग बगदह गोडैता र अन्नपूर्ण चिनी उद्योग धनकौलले भुक्तानी नदिएर किसान निराश भइरहेको अवस्थामा उत्तरी भेगको इन्दुशङ्कर चिनी उद्योग हरिवनले भने सबैभन्दा अगाडि किसानको सम्पूर्ण भुक्तानी गरेको हो।

जेठ १ गते सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रशासन कार्यालय सर्लाहीमा बसेको बैठकले महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योगलाई जेठ मसान्तभित्र सम्पूर्ण किसानको भुक्तानी दिन निर्देशन दिइसकेको छ। यी दुई उद्योगले उखु किसानलाई करिव ५० करोड रुपियाँ भुक्तानी दिन बाँकी रहेको बताइएको छ।

धनकौलका उखु किसान रामकल्याण यादवले अन्नपूर्ण चिनी उद्योगमा उखु बिक्री गरेको तीन महिना बढी भइसक्दा पनि भुक्तानी नपाएको गुनासो गर्नुभयो। सर्लाहीका तीनवटा चिनी उद्योगमध्ये इन्दुशङ्कर चिनी उद्योग हरिवनले बेलैमा भुक्तानी दिने गरे पनि महालक्ष्मी र अन्नपूर्णले वर्सेनि भुक्तानीका लागि आलटाल र ढिलाई गर्ने गरेका छन्।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# ‘मेड इन मधेश’ नारासहित प्रदेश सरकारको विकास प्राथमिकता सार्वजनिक



दैनिक समाचारदाता

जनकपुरधाम, १५ जेठ। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा विकास, कृषि, रोजगारी, शिक्षा, स्वास्थ्य, वातावरण तथा प्रविधिलाई प्राथमिकतामा राख्दै विभिन्न आकर्षक नारामार्फत आफ्नो दीर्घकालीन विकास दृष्टि सार्वजनिक गरेको छ।

शुक्रबार प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्ण ले प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा ‘मेड इन मधेश, समृद्ध प्रदेश’ लाई मूल नाराका रूपमा अघि सारिएको छ। सरकारले प्रदेशको भौगोलिक अवस्थिति, विशिष्ट पहिचान र जनसांख्यिक लाभको उपयोग गर्दै आत्मनिर्भर तथा समृद्ध मधेश निर्माण गर्ने प्रतिबद्धता जनाएको छ।

कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सरकारले ‘उत्पादनशील मधेश, आत्मनिर्भर देश’ अभियानमार्फत कृषि उत्पादन वृद्धि तथा खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य लिएको छ। ‘किसानको शान, मधेशको मखान’ नारासहित मखान खेतीको व्यावसायिक विस्तारलाई विशेष प्राथमिकतामा राखिएको छ।

त्यसैगरी ‘कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार’ नारामार्फत जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइएको छ। कृषि यान्त्रीकरण र आधुनिकीकरणका लागि ‘कृषि रूपान्तरणको आधार, प्रविधि र पूर्वाधार’ कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

रोजगारी सिर्जनालाई केन्द्रमा राख्दै सरकारले ‘आफ्नै प्रदेश, आफ्नै रोजगारी’ अभियानअन्तर्गत कम्तीमा एक हजार जनालाई रोजगारी उपलब्ध गराउने लक्ष्य तय गरेको छ। सूचना प्रविधि क्षेत्रमा युवालाई आकर्षित गर्न ‘डिजिटल मधेश, प्रविधिमैत्री प्रदेश’ अवधारणाअन्तर्गत आइटी हब तथा इन्क्युबेसन सेन्टर स्थापना गरिने नीति कार्यक्रममा उल्लेख छ।

शिक्षा क्षेत्रमा ‘अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरताके दीप जलाऊ’ नारासहित सघन साक्षरता अभियान सञ्चालन गरिने भएको छ। साथै ‘शिक्षित छोरी: सुरक्षित मधेश, उद्यमशील नारी: समृद्ध प्रदेश’ नारामार्फत पुरानो ‘मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ’ कार्यक्रमलाई परिमार्जन गरी थप प्रभावकारी बनाइने सरकारको योजना छ।

महिला सशक्तीकरणलाई पनि प्राथमिकतामा राख्दै ‘महिलाको सीप र साहस, मधेश विकासको विश्वास’ कार्यक्रममार्फत महिलालाई सीप, प्रविधि तथा सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराइने नीति ल्याइएको छ। ‘समावेशी समाज, सशक्त मधेश’ नाराअन्तर्गत महिला, दलित, युवा, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

स्वास्थ्य क्षेत्रतर्फ ‘पूर्ण खोप, सुरक्षित मातृत्व र सन्तुलित आहार: स्वस्थ र समृद्ध मधेशको मुख्य आधार’ नारासहित मातृ-शिशु स्वास्थ्य तथा पोषण कार्यक्रम विस्तार गरिने भएको छ। ‘मेरो स्वास्थ्य-मेरो जिम्मेवारी’ अभियानमार्फत स्थानीय तहसँग सहकार्य गरी गाउँबस्तीसम्म आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने लक्ष्य सरकारले लिएको छ।

वातावरण संरक्षणका लागि ‘प्लास्टिकमुक्त मधेश, स्वच्छ र स्वस्थ परिवेश’ नाराअन्तर्गत एकल प्रयोगका प्लास्टिकमा प्रतिबन्ध लगाउने नीति ल्याइएको छ। साथै ‘एक रुखको नाश, दश रुख विकास’ तथा ‘हरित मधेश, जोगाऔँ प्रदेश’ अभियानमार्फत वृक्षारोपण कार्यक्रमलाई व्यापक बनाइने सरकारको योजना छ।

युवालाई लागुऔषध दुर्व्यसनबाट टाढा राख्न ‘खेलकुद रोजौँ, लागुऔषध त्यागौँ’ अभियान सञ्चालन गरिने भएको छ। नीति तथा कार्यक्रममा खेलकुद पूर्वाधार विस्तार, प्रतिभा पहिचान तथा खेल क्षेत्रको व्यावसायिक विकासका कार्यक्रमसमेत समेटिएका छन्।

त्यसैगरी ‘विपद् पूर्वतयारी: हाम्रो जिम्मेवारी’ नारामार्फत विपद् व्यवस्थापनका लागि एकीकृत प्रणाली विकास गर्ने योजना अघि सारिएको छ।

यातायात क्षेत्रतर्फ ‘विद्युतीय सवारी वितरण र विस्तार, श्रमिकलाई रोजगारीको बलियो आधार’ नारासहित विद्युतीय सवारीसाधन प्रयोगलाई प्रोत्साहन गरिने तथा सार्वजनिक-निजी साझेदारीमा चार्जिङ स्टेशन स्थापना गर्ने नीति पनि कार्यक्रममा समावेश गरिएको छ।

# २१ खर्बको बजेट सार्वजनिक कर्मचारी तलब २१ प्रतिशत बढ्यो



दैनिक समाचारदाता

काठमाडौँ, १५ जेठ। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपियाँको बजेट सार्वजनिक गर्दै कर्मचारीको तलबमा २१ प्रतिशत वृद्धि गर्ने घोषणा गरेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी साउन १ गतेदेखि लागू हुने गरी कर्मचारीको आधारभूत तलबमान, ग्रेड तथा कार्यसम्पादन प्रोत्साहनसमेत समेटेर पारिश्रमिक वृद्धि गरिएको जानकारी दिनुभयो।

सरकारले कुल बजेटमध्ये चालु खर्चतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड रुपियाँ, पुँजीगत खर्चतर्फ चार खर्ब ३१ अर्ब १० करोड रुपियाँ तथा वित्तीय व्यवस्थापनतर्फ चार खर्ब २२ अर्ब रुपियाँ विनियोजन गरेको छ।

अर्थमन्त्री वाग्लेले विगत चार वर्षदेखि कर्मचारीको तलब वृद्धि नभएको र यस अवधिमा १७.३ प्रतिशत महँगी बढेकाले नयाँ तलबमान आवश्यक भएको बताउनुभयो। उहाँका अनुसार आधारभूत तलबमा १० प्रतिशत वृद्धि, कार्यसम्पादनमा आधारित १० प्रतिशत प्रोत्साहन भत्ता तथा ग्रेड समायोजनसहित कुल २१ प्रतिशतले तलब वृद्धि गरिएको हो।

नयाँ व्यवस्थाअनुसार कर्मचारीको न्यूनतम मासिक तलब करिब ४० हजार रुपियाँ पुग्नेछ भने उच्च तहका कर्मचारीको पारिश्रमिक एक लाख रुपियाँभन्दा माथि कायम हुने सरकारको दाबी छ। हाल प्रदान गरिँदै आएको महँगी भत्तालाई पनि निरन्तरता दिइएको छ।

सरकारले बजेटमार्फत राजस्व वृद्धि तथा स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै सुर्तीजन्य तथा मदिराजन्य पदार्थमा अन्तःशुल्कसमेत बढाएको छ। आगामी आर्थिक वर्षदेखि चुरोटमा १० प्रतिशत अन्तःशुल्क वृद्धि गरिने भएको छ। त्यस्तै मदिरा र बियरमा पनि अन्तःशुल्क बढाइएको सरकारले जनाएको छ।

सरकारले आगामी बजेटलाई आर्थिक सुधार, रोजगारी सिर्जना, उत्पादन वृद्धि, पूर्वाधार विकास तथा सामाजिक सुरक्षामा केन्द्रित गरेको जनाएको छ। कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा उद्योग क्षेत्रलाई प्राथमिकतामा राख्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइएको अर्थमन्त्री वाग्लेले बताउनुभयो।

सरकारले सार्वजनिक खर्चको प्रभावकारिता बढाउने, डिजिटल प्रणाली विस्तार गर्ने तथा युवालाई स्वरोजगार र उद्यमशीलतासँग जोड्ने कार्यक्रमलाई पनि बजेटमा प्राथमिकता दिएको छ।

बजेट विनियोजनअनुसार कुल बजेटको ५९.८ प्रतिशत चालु खर्च, २०.३ प्रतिशत पुँजीगत खर्च तथा १९.९ प्रतिशत वित्तीय व्यवस्थापनतर्फ छुट्याइएको छ।

# पत्रकार महासंघ मधेशको भवन निर्माण सुरु

दैनिक समाचारदाता

जनकपुरधाम, १५ जेठ। नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको आफ्नै भवन निर्माण कार्य सुरु भएको छ। जनकपुरधाम उपमहानगरपालिका(४ स्थित महासंघको स्वामित्वमा रहेको जग्गामा आयोजित एक कार्यक्रमबीच भवनको शिलान्यास गरिएको हो।

भवन निर्माणको शिलान्यास मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले धार्मिक विधिविधान अनुसार पूजापाठ गरेका हुन।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले पत्रकार महासंघको भवन निर्माण सम्पन्न गर्न प्रदेश सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले मधेश प्रदेश सरकारले यसअघि नै भवन निर्माणका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिसकेको



उल्लेख गर्दै आगामी बजेटमा समेत आवश्यक रकम उपलब्ध गराइने स्पष्ट पारे।

सञ्चार क्षेत्रको सुदृढीकरण तथा पत्रकारहरूको संस्थागत विकासप्रति सरकार सकारात्मक रहेको उल्लेख गर्दै उनले स्वतन्त्र र जिम्मेवार पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउने बताए।

महासंघका अनुसार भवन निर्माणका लागि गुठी संस्थान बाट चार का जग्गा लिजमा प्राप्त भएको छ। जनकपुरधाम(४ स्थित तैनाथी गुठीको उक्त जग्गामा अब महासंघको आफ्नै भवन निर्माण गरिनेछ।

शिलान्यास कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा सहभागी पत्रकारहरूले आफ्नै भवन निर्माण सुरु हुनु महासंघका लागि ऐतिहासिक उपलब्धि भएको प्रतिक्रिया दिएका थिए।





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान


रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२, ९८५४०२५१६४

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४